**सभाध्यक्ष ज्यू,**

**गाउँसभाका सम्पूर्ण सदस्य ज्यू हरू,**

**उपस्थित समपूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरू,**

**सञ्चारकर्मी ज्यूहरू,**

**एवम देश तथा विदेशमा रहनुहुने तमाम फाल्गुनन्द गाउँपालिका बासी आमाबुबा दाजुभाई तथा दिदिबहिनिहरू।**

आज म फाल्गुनन्द गाउँपालिकाको ऐतिहासिक १८ गाउँसभाको अधीवेशनमा गाउँपालिकाको आ.व.२०८२।०८३ को बजेट बक्तव्य प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरान्वित महशुस गर्दछु।

आजको यस ऐतिहासिक घडिमा म सर्वप्रथम नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्थामा ल्याईपुर्याउनका लागी विभिन्न आन्दोलनका क्रममा जिवन उत्सर्ग गर्नुहुने योद्दा प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्दासुमन अर्पण गर्न चाहन्छु। आन्दोलनका क्रममा घाईते योद्दा र नेतृत्वको शिघ्र एवम पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु साथै उहाँहरूको निशुल्क स्वास्थ्य उपचारको जोडदार माग गर्दछु। लोकतान्त्रिक गणतन्त्र प्राप्तिमा भएका सबै आन्दोलनको नेतृत्व गर्ने आदरणिय नेतृत्व पङ्तिमा सम्मान प्रकट गर्न चाहन्छु। उहाँहरूको अनुकरणीय नेतृत्व बिना यो परिवर्तन र शासन व्यवस्था सम्भव हुंदैन थियो होला।

**सभाध्यक्ष महोदय,**

**गाउँसभा सदस्य ज्यू हरू,**

हामिले आ.व.२०८१।०८२ को बजेट तथा कार्यक्रमलाई सफलतापुर्वक सम्पन्न गरिसकेका छौं। यो बजेटको कार्यन्वयन संगै हामिले लिएका नीति तथा कार्यक्रम मार्फत आम फाल्गुनन्द बासीलाई संघियताका लाभहरू नागरिकको घरदैलोमा पुर्याउन सफल भयौं भन्ने मैले विश्वाश लिएको छु।

नेपालको संविधान ले नेपाललाई तिन तहको संघीय राज्यको रूपमा परिणत गरेसंगै संवैधानिक मर्म र उदेश्यबमोजिम फाल्गुनन्द गाउँपालिका एउटा स्वतन्त्र र सक्षम स्थानीय सरकारको रूपमा स्थापना भएको हो। फाल्गुनन्द गाउँपालिकाले स्थानीय सरकारको रूपमा संविधानको अनुसुची-८ मा भएका एकल अधिकार र अनुसुची-९ बमोजिमका साझा अधिकारहरू कार्यन्वयन गर्दै संघीयताका लाभहरू जनतामाझ पुर्याउन आफ्नो स्रोत, साधन, क्षमताले भ्याएसम्म प्रयासरत रहेको कुरा म यहां राख्न चाहन्छु।

गाउँपालिकाको सिमीत स्रोत साधन हुने तर नागरिकका असिमीत आवश्यकता र मागका बिच यि अनेकौं चुनौतीहरूलाई छिचोल्दै फाल्गुनन्द गाउँपालिकालाई समृद्ध र सम्मुन्नत बनाउँने, सुशासन र सामाजिक न्याय कायम गर्दै तमाम फाल्गुनन्द गाउँपालिकासीको जिवनमा समृद्द ल्याउने ढृड सङ्कल्प लिएर हामि विधीवत रूपमा जनताद्वारा अनुमोदित भएर आएका हौं र यो मानेमा हामीलाई हाम्रै कार्यकालमा नागरिकले महशुस गर्नेगरिको

सुशासन स्थापना नगरी बस्ने छुट छैन । किनकि, सुशासन भनेको गफ गर्ने विषय होईन, यो हाम्रा नागरिकले हाम्रो विकास निर्माण, सेवाप्रवाह आदिमा महशुस गर्ने विषय हो ।
त्यसैले ,सुशासन र सामाजिक न्याय स्थापना गरेर मात्र हाम्रा नागरिकले हामीलाई विश्वास गर्नेछन् त्यसले मात्र वास्तवमा स्थानीय सरकार र नागरिक बिचको सम्बन्धलाई मजबुत बनाउने छ भन्ने हाम्रो सरकारको बुझाई छ ।

**सभाध्यक्ष महोदय,**

**गाउसभा सदस्य ज्यू हरू,**

अब, म यस गरिमामय सभामा हामिले आ.व.२०८१।०८२ मा सम्पादन गरेका केही महत्वपूर्ण कार्यक्रम र उपलब्धिलाई यहाँ संक्षिप्तमा राख्न चाहन्छु ।
चालु आ.व.मा आजको दिनसम्म हामिले चालु तर्फ ६६ प्रतिशत खर्च गर्न सफल भएका छौं । त्यस्तैगरी पुंजिगत तर्फ ५० प्रतिशत खर्च गर्न सफल भएका छौं । यसरी हेर्दा समग्रमा हामिले ६२ प्रतिशत खर्च गर्न सफल भएका छौं। विगतका आ.व. को हाम्रो अनुभवका आधारमा असार मसान्तसम्ममा करिब ९० प्रतिशत खर्च हुनेश अनुमान गरेको छु । यसबाट हामिले पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषी, पशुपालन, रोजगारी सिर्जना, समावेशिकरण र सामाजिक न्याय र समानता स्थापना गर्ने सवालमा महत्वपूर्ण उपलब्धी हासिल गर्न सफल भएको मैले विश्वास लिएको छु ।
भौतिक पूर्वाधार तर्फ हामिले यस आ.व.मा गाउँपालिकाको अत्यन्तै महत्वपूर्ण गौरवको आयोजनाको रूपमा लिएको प्रशासकिय भवन निर्माणको करिब करिब सम्पन भईसकेको अवस्था छ । सम्भवत यहि आ.व. मा हामी हाम्रै प्रशासकिय भवनबाट हाम्रा सेवाप्रवाह गर्ने कुरामा म विश्वाश दिलाउन चाहन्छु ।
शिक्षा तर्फ सिद्ददेवी नमुना मा.वि. लाई आधारभुत सुविधासम्पन्न बनाईसकेका छौं, यस आ.व.मा थप हामीले विद्यालयको शिक्षक आवास निर्माण गरेर हस्तान्तरण गर्ने क्रममा छौं । यसबाट उक्त विद्यालयका शिक्षक-शिक्षीकाहरु लाई आवाश सुविधा प्राप्त हुने र उहाँहरूमा उत्पेरणा बढ्ने विश्वास लिएको छु । त्यस्तैगरी त्रिभुवन आ.वि. पात्लेभन्ज्याङको भवन निर्माणको अन्तिम चरणमा छौं यसबाट पनि शैक्षिक गुनस्तर उकास्ने मैले विश्वास लिएको छु । कार्यसम्पादन र विद्यालय व्यवस्थापनका हिसाबले उत्कृष्ट २ वटा विद्यालयहरूलाई हामिले यसै आ.व.मा पुरस्कृत गरेका छौं । साथै गाउँपालिका भरिका उत्कृष्ट विद्यार्थीहरूलाई समेत नगद पुरस्कार सहित सम्मान गरेका छौं । गाउँपालिकाकै अहिलेसम्म को ईतिहासमा पहिलोपटक हामिले अपाङ्गता भएका ३ जना उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई अध्ययन सामाग्रीको रूपमा ल्यापटप वितरण गरेका छौं । अपाङ्गता भएका व्यक्तिहरूलाई उच्च प्राथमिकतामा राख्दै यसै आ.व.मा संघीय सशर्त कार्यक्रम मार्फत करिब रू.९० लाख बराबरको आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरेका छौं यसले उहाँहरूको जिवनयापनमा सहजता ल्याउने कुरामा निश्चन्त छु ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

यसै आ.व.मा हामिले ५ शैयाको अस्पताल निर्माणलाई अन्तिम चरणमा पुर्याएका छौं । सम्भवतःआगामी आ.व.बाट यसलाई सञ्चालनमा ल्याउने हाम्रो तयारी रहेको छ । यसबाट सम्पूर्ण गाउँपालिकाबासी ले प्रत्यक्ष लाभ

लिमुहुनेछ भन्ने विश्वास लिएको छु। वडा नं.४ मा बर्थिङसेन्टर निर्माण गरिसकेको अवस्था छ। आगामी आ.व.देखि तालिमप्राप्त स्वास्थ्यकर्मीको व्यवस्था गर्दै पूर्णरूपमा सञ्चालनमा ल्याईने छ । यसका साथै स्वास्थ्यको क्षेत्रमा गाउँपालिकाका वडा स्वास्थ्य चौकी वटा सामुदायिक स्वास्थ्य ईकाई, वटा नागरिक आरोग्य केन्द्रबाट हजारौं सेवाग्राहिले प्रत्यक्ष लाभ लिनुभएको छ।

आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको कृषी र पशुसेवाको क्षेत्रमा समेत हामिले उल्लेखनीय काम गरेका कुरा म यहाँ राख्न चाहन्छु। गाउँपालिका उत्कृष्ट किसानलाई सम्मान, अगुवा कृषकलाई प्रविधी र नमुना फर्मको प्रत्यक्ष भ्रमण र अध्यन, अवलोकन , गोठ सुधार, उन्नत जातका बिउबिजन वितरण, सिँचाईका लागी कुलो मर्मत र निर्माण हाम्रा लागी उल्लेखनीय रहेका छन्। यसबाट फाल्गुनन्द का किसानले प्रत्यक्ष लाभ लिई कृषी तथा पशुपालनमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु।

स्थानीय भाषा, कला, संस्कृति को संरक्षण गर्दै त्यसका सर्जकलाई सम्मान गर्ने उदेश्यले हामिले फाल्गुनन्द प्रज्ञा प्रतिष्ठानको स्थापन गरि त्यसलाई पूर्णता प्रदान गरी यसै आ.व. मा विभिन्न कार्यक्रम समेत गर्न सफल भयौं। आगामी दिनमा यस प्रतिष्ठानलाई अझै परिमार्जित र व्यवस्थित बनाउदै लाने कुरा म यहाँ राख्न चाहन्छु।

फाल्गुनन्द गाउँपालिकाबासीलाई अमनचयन र सुरक्षित बनाउने उदेश्यले मुख्यमुख्य बजारहरूमा सडक बत्ति जडान र सिसिक्यामेरा को जडान गरिसकेका छौं।

साथै, यस आ.व. का लागी हामिले रू.६० लाख रूपैंया आन्तरिक आय प्रक्षेपण गरेकामा हामिले मिति २०८२ जेठ मसान्त सम्ममा रू.४४ लाख मात्र आन्तरिक राजस्व संकलन गर्न सफल भएका छौं। यसबाट हामीलाई हाम्रा सबै निर्धारित कार्यक्रमहरू कार्यन्वयन गर्न चुनौती थपिएको छ।

**सभाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरू,**

"समृद्व फाल्गुनन्दःकृषी, पर्यटन, पूर्वाधार र सु-संसकृत समाज" भन्ने हाम्रो मुल नारालाई आत्मसात गर्दै शिक्षा, स्वास्थ्य, कृषी उत्पादन, पर्यटन, खानेपानी, रोजगारी, दिगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी गाउँपालिकाबासीलाई प्रत्यक्ष लाभ पुर्याउने मुल प्रतिबद्दता सहित मैले आ.व.२०८२।०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४, अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, संघीय सरकार तथा प्रदेश सरकारले बजेट तर्जुमा तथा कार्यन्वयनका सम्बन्धमा तर्जुमा गरेका विभिन्न ऐन ,कानुन, नीति तथा मापदण्डहरू, फाल्गुनन्द गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम, लक्ष, विभिन्न साझेदार सरकारी तथा गैरसरकारी निकासँग गरिएका दोहोरो समझदारी लगायतलाई मुख्य आधारका रूपमा लिईएको छ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

सिमित स्रोतले गाउँपालिकाका असंख्य मागलाई सम्बोधन गर्न कठिन भएकोले मैले प्राथमिकता र अनिवार्य आवस्यकताका आधारमा बजेट तयार गरेको छु। त्यसका लागी मैले लाभलागत विश्लेषण गरी गाउँपालिकालाई

तत्कालिन र दीर्घकालिन रूपमा प्रत्यक्ष फाईदा पुर्याउने, कृषी तथा पशुपालनमा आवद्द कृषकहरूलाई आत्मनिर्भर बनाउदै व्यावसायिक बन्न मदत गर्ने, सामुदायिक स्वास्थ्य र शिक्षालाई पहुँचयोग्य, गुणस्तरिय र प्रतिस्पर्धात्मक बनाउने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने किसिमका योजना तथा कार्यक्रमलाई मुख्य प्राथमिकता दिएको छु । साथै गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत गाऊँपालिका भित्रका सबै संघसंस्थाहरूबाट सुशासन, सामाजिक न्याय र समानता स्थापना हुने किसिमका कार्यक्रम र योजनाहरूलाई समेत प्राथमिकता मा राखेको छु ।

**सभाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरू,**

अब म आ.व.२०८२।०८३ को बजेट तथा कार्यक्रमको समग्र अवस्था यस गरिमामय सभामा पेश गर्ने अनुमती चाहन्छु । म आ.व.२०८२।०८३ को लागी संघीय सरकार, प्रदेश सरकार र फाल्गुनन्द गाउँपालिकाको आन्तरिक आय तथा नगद मौज्दात सहितको अनुमानित आय प्रस्तुत गर्दछु ।

| **क्र.सं.** | **शिर्षक** | **स्रोत** | | | **जम्मा (रू.)** |
|---|---|---|---|---|---|
| | | संघीय सरकार (रू.) | प्रदेश सरकार (रू.) | गाउँपालिका | |
| १ | वितिय समानीकरण अनुदान | १०,१०,००,००० | ९१,१७,००० | ० | ११,०१,१७,००० |
| २ | राजश्व बाँडफाँट | ८,२७,००,००० | ५७,८५,००० (सवारी साधन कर) | ० | ८,८४,८५,००० |
| ३ | विशेष अनुदान | ९०,००,००० | ० | ० | ९०,००,००० |
| ४ | सशर्त अनुदान | २५,२३,००,००० (चालु)<br>४,१०,००,००० (पुंजिगत) | १८,०१,००० (चालु)<br>७९,७०,००० (पुंजिगत) | ० | २५,४१,०१००० <br>४,८९,७०,००० |
| ५ | समपुरक अनुदान | ६५,००,००० | १,२०,००,००० | ० | १,८५,००,००० |
| ३ | आन्तरिक राजश्व(गाउँपालिका) | ० | ० | ६०,००,००० | ६०,००,००० |
| ४ | आन्तरिक श्रोत (नगद मौज्दात, गाउँपालिका) | ० | ० | ५५,००,००० | ५५,००,००० |
| **जम्मा (रू.)** | | **४९,२५,००,०००।-** | **३,६६,७३,०००।-** | **१,१५,००,०००।-** | **५४,०६,७३,०००।-** |

अब, म आ.व.२०८२।०८३ को व्यय तर्फ तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमती चाहन्छु । गाउँपालिकाको आ.व.२०८२।०८३ का लागी वडा कार्यालय र विषयगत क्षेत्रलाई बार्षीक नीति तथा कार्यक्रम लाई मार्गदर्शनमा राख्दै स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले उपलब्ध गराएको बजेट सिलिङ को आधारमा बजेट तथा योजना तर्जुमा समितीले कार्यपालिकामा पेश गरेको योजना तथा कार्यक्रम यहाँ प्रस्तुत गर्न चाहन्छु । गाउँपालिकाले आ.व.२०८२।०८३ का लागी कुल विनियोजनयोग्य आय यस प्रकार प्रक्षेपण गरेको छ ।

| **क्र.सं.** | **शिर्षक** | **स्रोत** | | | **जम्मा (रू.)** |
|---|---|---|---|---|---|
| | | संघीय सरकार (रू.) | प्रदेश सरकार (रू.) | गाउँपालिका | |
| १ | वितिय समानीकरण अनुदान | १०,१०,००,००० | ९१,१७,००० | ० | ११,०१,१७,००० |
| २ | राजश्व बाँडफाँट | ८,२७,००,००० | ५७,८५,००० (सवारी साधन कर) | ० | ८,८४,८५,००० |
| ३ | आन्तरिक राजश्व(गाउँपालिका) | ० | ० | ६०,००,००० | ६०,००,००० |
| ४ | आन्तरिक श्रोत (नगद मौज्दात, गाउँपालिका) | ० | ० | ५५,००,००० | ५५,००,००० |
| **जम्मा (रू.)** | | **१८,३७,००,०००।-** | **१,४९,०२,०००।-** | **१,१५,००,०००।-** | **२१,०१,०२,०००।-** |

जसमध्ये,वडातर्फ रू.३,०२,००,०००।– (अक्षेरेपि तिन करोड दूई लाख रूपैंया मात्र) विनियोजन गरेको छु ।

| **वडा नं.** | **जम्मा(रू)** |
|---|---|
| १ | ४७,००,००० |
| २ | ४०,००,००० |
| ३ | ४५,००,००० |
| ४ | ४५,००,००० |
| ५ | ४५,००,००० |
| ६ | ४०,००,००० |
| ७ | ४०,००,००० |
| **जम्मा** | **३,०२,००,०००।-** |

त्यस्तैगरी, गाउँपालिका तर्फ रू.**१७,६४,०२,०००।--** (अक्षेरेपि सत्र करोड चौसठ्ठि लाख दुई हजार रूपैंया मात्र)

**सभाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरू,**

**अब, गाउँपालिका र वडातर्फ सम्पूर्ण योजना तथा कार्यक्रमहरू यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।**

**गाउँपालिका अन्तर्गत अनिवार्य र चालु प्रकृतिका खर्चहरू:**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | स्थायी कर्मचारी तलब भत्ता | १,६०,००,००० |
| २ | करार सेवा शुल्क | १,७५,००,००० |
| ३ | पदाधिकारी सेवासुविधा | ६२,००,००० |
| ४ | कर्मचारी मंहगी भत्ता | १५,००,००० |
| ५ | कर्मचारी स्थानीय भत्ता | ४,००,००० |
| ६ | कर्मचारी पोशाक भत्ता | १०,००,००० |
| ७ | दैनिक भ्रमण भत्ता | ३०,००,००० |
| ८ | कर्मचारी सामाजीक सुरक्षा कोष | २,००,००० |
| ९ | कर्मचारी कल्याणकारी कोष | ५,००,००० |
| १० | स्वंयमसेवक शिक्षक पारिश्रमिक | ३२,००,००० |
| ११ | वालकक्षा शिक्षक पारिश्रमिक | ९,५०,००० |
| १२ | मातृभाषा शिक्षक पारिश्रमिक | ५१,००,००० |
| १३ | शिक्षा । का.स.। विद्यालय कर्मचारी पारिश्रमिक साझेदारी | ८१,१०,००० |
| १४ | अन्य कार्यालय दैनिक भ्रमण भत्ता | ५,००,००० |
| १५ | महिला आयुर्वेद स्वंयसेविका यातायात खर्च | १,८०,००० |
| १६ | ईन्धन | ४५,००,००० |
| १७ | सवारीसाधन मर्मत | ४५,००,००० |
| १८ | मसलन्द । कार्यालय सामाग्री | २०,००,००० |
| १९ | विविध खर्च | ३५,०६,००० |
| २० | पत्रपत्रिका विविध खर्च | ५,००,००० |
| २१ | कार्यालय सूचना प्रकाशन खर्च | १०,००,००० |
| २२ | प्राविधिक कर्मचारी फिल्ड भत्ता | १३,००,००० |
| २३ | कक्षा ५ र ८ को परिक्षा सञ्चालन खर्च | ७,००,००० |
| २४ | फाल्गुनन्द टाईम्स प्रकाशन | ४,००,००० |
| २५ | पानी तथा बिजुली | १५,००,००० |
| २६ | घरभाडा | १०,००,००० |

| | | |
|---|---|---|
| २७ | अन्य कार्यालय सञ्चालन खर्च | १०,००,००० |
| २८ | सवारीसाधन बीमा तथा नविकरण शुल्क | ५,००,००० |
| २९ | स्वास्थ्य बीमा कार्यक्रम | ८,००,००० |
| ३० | जनप्रतिनीधि र कर्मचारी तालिम खर्च | ५,००,००० |
| ३१ | गाउँसभा सञ्चालन खर्च़ | ५,००,००० |
| ३२ | सार्वजनिक सुनुवाई | ५,००,००० |
| ३३ | कार्यालयका मेशिनरी औजार मर्मत | ५,००,००० |
| ३४ | ईन्टरनेट महशुल र मर्मत | ७,००,००० |
| ३५ | सञ्चार महशुल | ३,००,००० |
| ३६ | विविध कार्यक्रम खर्च | ५,००,००० |
| ३७ | झो.पु. हेरालु पारिश्रमिक | २,५०,००० |
| ३८ | कर्मचारी वैठक भत्ता | ३,००,००० |
| ३९ | पदाधिकारी वैठक भत्ता | ४,५०,००० |
| ४० | ईन्धन अन्य कार्यालय प्रयोजन | ३,००,००० |
| ४१ | मेशिनरी औजार खरिद | १०,००,००० |
| ४२ | अन्य सवारी साधन भाडा | १०,००,००० |
| ४३ | अन्य विविध खर्च | ५,००,००० |
| ४४ | फाल्गुनन्द प्रज्ञा प्रतिष्ठान | ५,५०,००० |
| ४५ | विपद व्यवस्थापन कोष | ३०,००,००० |
| ४६ | आकस्मिक कोष(विपन्न विरामी उपचार) | १०,००,००० |
| ४७ | पाँच शैया अस्पताल सञ्चालन खर्च | ३०,००,००० |
| ४८ | परामर्श सेवा खरिद | २०,००,००० |
| ४९ | प्रशासकिय भवन व्यवस्थापन खर्च | १,५०,००,००० |
| **जम्मा** | | **रू.११,९३,९६,०००** |

**शाखागत योजना तथा कार्यक्रमहरू:**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | सामुदायिक विद्यालयका प्र.अ. भत्ता | १,७९,००० |
| २ | नियमित प्र.अ. वैठक भत्ता | ३,६०,००० |
| ३ | शैक्षिक क्यालेन्डर प्रकाशन खर्च | ७५,००० |
| ४ | शिक्षा समिति वैठक भत्ता | ९६,००० |
| ५ | मातृभाषा शिक्षक तालिम | १,००,००० |
| ६ | कक्षा-२ को पाठ्यक्रम लेखन तथा छपाई | २,००,००० |
| ७ | कक्षा-१ र कक्षा-८ को स्थानीय पाठ्यपुस्तक छपाई | २,००,००० |
| ८ | कक्षा-१ को लिम्बुभाषा पाठ्यपुस्तक छपाई | १,००,००० |
| ९ | कक्षा-८ को स्थानीय पाठ्यपुस्तक प्रबोधिकरण | १,३०,००० |
| १० | उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम | ६५,००० |
| ११ | विद्यार्थीहरूको हाजिरी जवाफ प्रतियोगिता | १,४५,००० |
| १२ | गाउँपालिकास्तरिय बालक्लव गठन तथा सचेतना कार्यक्रम | १,५०,००० |
| १३ | अध्यक्ष फुटबल प्रतियोगिता | ६,००,००० |
| १४ | वडास्तरिय अध्यक्ष भलिबल कप | ५,००,००० |
| १५ | उपाध्यक्ष ब्याडमिन्टन कप | ३,००,००० |
| १६ | खेलकुद सहायता कार्यक्रम | ५,००,००० |
| १७ | द्वितिया मेला भलिबल प्रतियोगिता वसाँघु | १,५०,००० |
| १८ | रामनवमी मेला फुटबल प्रतियोगिता नवमिडाँडा | १,५०,००० |
| १९ | कार्तिके पूर्णिमा मेला फुटबल प्रतियोगिता ईम्बुङ | ५०,००० |
| २० | चासोक मेला भलिबल प्रतियोगिता चिलिङ्दिन | १,००,००० |
| २१ | स्वर्गीय सुखबीर नेम्बाङ स्मृती भलिबल कप,सारताप | २,००,००० |
| २२ | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | ८,००,००० |
| २३ | गाउँपालिकास्तरिय भलिबल र फुटबल प्रशिक्षण कार्यक्रम | ३,००,००० |
| **जम्मा** | | **रू. ५४,५०,०००।-** |

**महिला, बालबालिका शाखा**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | लैंगिक हिंसा बिरूद्दको १६ दिने अभियान कार्यक्रम | १,००,००० |
| २ | नारी दिवश कार्यक्रम | १,००,००० |
| ३ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण | १,५०,००० |
| ४ | सामुदायिक विद्यालयका बालबालिकाहरूको स्वास्थ्य परिक्षण | १,००,००० |
| ५ | महिलाहरूको पाठेघरको मुख तथा स्तन क्यान्सर स्वास्थ्य शिविर | ४,००,००० |
| ६ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ४,००,००० |
| ७ | बालबालिकाहरूलाई मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम | १,००,००० |
| ८ | ढाका बुनाई सिलाई एड्भान्स तालिम फाल्गुनन्द-२ | १,५०,००० |
| **जम्मा** | | **रू.१५,००,०००।-** |

**स्वास्थ्य शाखा कार्यक्रम**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | औषधी खरिद | १०,००,००० |
| २ | स्वास्थ्य स्वंयसेविका यातायात खर्च | ६,४८,००० |
| ३ | ज्येष्ठ नागरिक,दिर्घरोगी, अतिअशक्त अपाङ्ग स्वास्थ्य परिक्षण कार्यक्रम | १,५०,००० |
| ४ | नियमित खोप ढुवानी खर्च | ८४,००० |
| ५ | दुई वर्ष मुनिका बालबालिकाहरूलाई पोषण स्थितिको स्वास्थ्य परिक्षण कार्यक्रम | ५०,००० |
| ६ | स्वास्थ्य संस्थामा सुत्केरि प्रोत्साहन कार्यक्रम | १,००,००० |
| ७ | राष्ट्रिय महिला सामुदायिक स्वंयसेविका स्वेच्छिक अवकास खर्च | १,००,००० |
| ८ | स्वास्थ्य संस्थामा ल्याव सामाग्री खरिद वडा नं.२ र वडा नं.५ | १,००,००० |
| ९ | आँखा स्वास्थ्य परिक्षण शिविर कार्यक्रम | २,५०,००० |
| १० | राष्ट्रिय महिला सामुदायिक स्वंयसेविका दिवस | ३५,००० |
| **जम्मा** | | **रू.२५,१७,०००।-** |

## आयुर्वेद तथा नागरिक आरोग्य केन्द्र

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | नागरिक आरोग्य गाउँघर क्लिनिक सञ्चालन | १५०,००० |
| २ | नागरिक आरोग्य गाउँघर क्लिनिक औषधी खरिद | २,००,००० |
| ३ | सात वटै वडामा स्वास्थ्य जिवनशैली कार्यक्रम | २,५०,००० |
| ४ | मासीक प्रगति प्रतिवेदन पेश र छलफल कार्यक्रम | १,००,००० |
| ५ | एक घर पाँच योग र पाँच जडिबुटि अभियान कार्यक्रम | १,००,००० |
| ६ | बि.पि.सेट, तौल मेशिन र सुगर टेस्ट किट खरिद कार्यक्रम | ५०,००० |
| **जम्मा** | | **रू.८,५०,०००** |

**<u>न्यायिक समिती</u>**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | मेलमिलापकर्ताहरूको लागी पुनर्ताजगी तालिम | ३,५०,००० |
| २ | न्यायिक समिती अध्ययन अवलोकन भ्रमण कार्यक्रम | ३,००,००० |
| ३ | मेलमिलापकर्ताहरू संग वार्षिक अन्तर्कृया  कार्यक्रम | ८०,००० |
| ४ | तामेलिकर्तालाई यातायात र खाजा खर्च | १५,००० |
| ५ | उत्कृष्ट मेलमिलापकर्ताहरुलाई प्रोत्साहन कार्यक्रम | २५,००० |
| ६ | मेलमिलापकर्ताहरूद्वारा विवाद निरूपण छलफल भत्ता | ३०,००० |
| ७ | न्यायिक समितीका पदाधिकारी वैठक भत्ता | ८०,००० |
| ८ | कर्मचारी वैठक भत्ता | ३०,००० |
| ९ | विभिन्न घरायसी र कानुनी लेखापढि तालिम सञ्चालन कार्यक्रम | २,७०,००० |
| १० | न्यायिक समिती र मेलमिलाप केन्द्रको अनुगमन मूल्याङ्कन कार्यक्रम | २०,००० |
| **जम्मा** | | **रू.१२,००,०००।-** |

## कृषी विकास शाखा

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | फौजीकिरा न्यूनिकरण र नियन्त्रण | ३,००,००० |
| २ | मिनिकिट खरिद | २,५०,००० |
| ३ | राष्ट्रिय धान दिवश | १,००,००० |
| ४ | उत्कृष्ट कृषक पुरस्कार प्रोत्साहन कार्यक्रम | १५,००,००० |
| ५ | प्लाष्टिक टनेल खरिद कार्यक्रम | २,५०,००० |
| ६ | कृषक साझेदारीमा मिनिटिलर खरिद कार्यक्रम | ९,००,००० |
| ७ | बालीउपचार शिविर कार्यक्रम | २,००,००० |
| ८ | मागमा आधारित फलफुल खरिद तथा वितरण कार्यक्रम | ४,००,००० |
| ९ | स्थलगत प्राविधिक सेवा कार्यक्रम | २,००,००० |
| **जम्मा** | | **रू.४१,००,०००** |

**पशुपन्छि सेवा शाखा**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | गोठसुधार कार्यक्रम | ८,००,००० |
| २ | पशुपन्छी औषधी खरिद तथा वितरण कार्यक्रम | ५,००,००० |
| ३ | पशु स्वाश्थ्य शिविर कार्यक्रम | ४,००,००० |
| ४ | आकस्मिक महामारी व्यवस्थापन कोष | २,००,००० |
| ५ | रेविज बिरूद्दको खोप कार्यक्रम | १,००,००० |
| ६ | उन्नत जातको घाँसको बिउ खरिद तथा वितरण | २,००,००० |
| ७ | पशुबीमा कार्यक्रम | २,००,००० |
| **जम्मा** | | **रू. २४,००,०००** |

**लक्षित वर्ग तथा समावेशी कार्यक्रम**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | नौमती बाजा खरिद | ४,००,००० |
| २ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ३,५०,००० |
| ३ | आदिवासी जनजातिको विभिन्न साँस्कृतिक कार्यक्रम | २,००,००० |
| ४ | आदिवासी जनजाती सचेतना कार्यक्रम | १,५०,००० |
| ५ | लिम्बु जातिको धाननाच प्रवर्दन कार्यक्रम | १,००,००० |
| **जम्मा** | | **रू. १२,००,०००** |

## भौतिक पूर्वाधार निर्माण

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | बाल बिकास आ.वि. फाल्गुनन्द-१ | ३००००० |
| २ | खानेगाउँ शहिद खेलमैदान निर्माण फाल्गुनन्द-१ | ३००००० |
| ३ | थरिडाँडा कोल्बुङ शिरवथान सडक फाल्गुनन्द-२ | ३००००० |
| ४ | ईम्बुङ कभर्ड हल निर्माण | ३००००० |
| ५ | लालिगुँरास आ.वि. भवन निर्माण | ४९५००० |
| ६ | लाल बहादुर आ.वि. ग्याविन वाल निर्माण | २००००० |
| ७ | थुम्के- खैसेबुङ -मझुवा डाँडा मगरटोल सडक | ३००००० |
| ८ | राँके पुरानो बुधबारे बजार पैरो नियन्त्रण | १००००० |
| ९ | पुरानो पञ्चमी देउराली खानेपानी योजना | ३००००० |
| १० | फाक्तेप दशमी सिंहाङ सडक मर्मत | ३००००० |
| ११ | सिरान कुलो साविक फाक्तेप-५ | ३००००० |
| १२ | कुविरधान पलाष्टिक पोखरी निर्माण फाल्गुनन्द-५ | ३०००० |
| १३ | आधारभुत पत्रकारिता तालिम प्रेस सेन्टर | १५०००० |
| १४ | आधारभुत कम्प्यूटर तालिम नर बहादुर कर्माचार्य प्रतिष्ठान | १५०००० |
| १५ | मुलहाङ डाँडा सुकेपोखरी अधुरो सडक निर्माण | २००००० |
| १६ | किरात राई यायोक्खा भवन निर्माण फाल्गुनन्द-३ | २५०००० |
| १७ | च्यापलुङ खेलमैदान निर्माण फाल्गुनन्द गा.पा. वडा नं.४ | ३००००० |
| १८ | गाउँपालिकाको प्रगति वृतचित्र निर्माण प्रशारण कार्यक्रम जनहित केन्द्र | ३००००० |
| १९ | निर्मल लामा प्रतिष्ठान युवा नेत्रित्व तथा उद्यमी विकास कार्यक्रम | २५०००० |
| २० | नैयोत मण्डली सामुदायिक सेवा भवन निर्माण फाल्गुनन्द-४ | २००००० |
| २१ | ७ नं वडा कार्यालय तल्ला थप भवन निर्माण | १००१००० |
| २२ | गोबिन्दको घरदेखी माङ्गेना खोल्सा सम्म ढल निर्माण | १५०००० |
| २३ | न्यू लाइट गोपशल चियावारी चोक वाल निर्माण फाल्गुनन्द-७ | १००००० |
| २४ | स्वाथ्य इकाई भवन निर्माण फाल्गुनन्द-६ | २००००० |
| २५ | मेहल्बोटे छयागु निवुखोला मोटरबाटो मर्मत | १५०००० |
| २६ | जयनारायण मा.वि. रङरोगन | २५०००० |
| २७ | भगिटार खेलमैदान फाल्गुनन्द-४ | १००००० |
| २८ | साँवा खोल्सी खानेपानी रिजर्भ टेंकी निर्माण फाल्गुनन्द-५ | २७०००० |
| २९ | सिमसार टोल सिँचाई फाल्गुनन्द-७ | १५०००० |
| ३० | सत्यहाङमा मा.वि.भवन मर्मत | १५०००० |
| ३१ | कृष्ण मा.वि.भवन मर्मत फाल्गुनन्द-४ | १५०००० |

| | | |
|---|---|---|
| ३२ | अनुग्रह कृषि फर्म फाल्गुनन्द-४ | १००००० |
| ३३ | पात्ले कृषि तथा पशुपन्छीं फर्म फाल्गुनन्द-४ | १००००० |
| ३४ | रहपाल टोल खानेपानी मर्मत फाल्गुनन्द-४ | २००००० |
| ३५ | प्रेमवाद भवन निर्माण फाल्गुनन्द-३ | २५०००० |
| ३६ | पौवा भञ्याङ सार्वजनिक शौचालय निर्माण | ३००००० |
| ३७ | राँके रेडक्रस मर्मत | ८०००० |
| ३८ | जिँउजिवा रमनको घर हुदै नागेम्बा लुङखवा सडक | १५०००० |
| ३९ | थुम्के हुदै देउराली देविस्थल सम्म सिँढी निर्माण फाल्गुनन्द-७ | १५०००० |
| ४० | चुङ्चिके ठुलो सिँचाई फाल्गुनन्द-४ | १००००० |
| ४१ | जनजागरण अभियान कृषि सहकारी संस्था फाल्गुनन्द-५ | २५०००० |
| ४२ | सिद्देश्वरी मा.वि. सुर्केनागी फाल्गुनन्द-१ | १५०००० |
| ४३ | तिजोक पर्यटन विकास फाल्गुनन्द-१ | १५०००० |
| ४४ | आत्मकोटी फाल्गुनन्द युमामाङ हिम फाल्गुनन्द-६ | १००००० |
| ४५ | ईम्बुङ दलित कृषि तथा पशुपालन कृषक समुह | १००००० |
| ४६ | साङ छोईत छोर्लिङ गोन गुम्बा निर्माण फाल्गुनन्द-२ | ३००००० |
| ४७ | सिरुडाँडा विश्राम पार्क निर्माण | २००००० |
| ४८ | आहाले-एक्सले सडक मर्मत फाल्गुनन्द-४ | २००००० |
| ४९ | सिमसारे रैगाउँ खानेपानी | १५०००० |
| ५० | देउराली-त्रिवेणी सडक मर्मत फाल्गुनन्द-४ | २००००० |
| ५१ | वडा नं.६ को वडा कार्यालय निर्माण | १००१००० |
| ५२ | पुष्पाञ्जली कृषि तथा पशुपालन कृषक समुह फाल्गुनन्द-३ | ५०००० |
| ५३ | योग शिविर फाल्गुनन्द-२ | ८०००० |
| ५४ | पुवाबुङ लुप च्याप टेंकी निर्माण फाल्गुनन्द-५ | १००००० |
| ५५ | बहुसाहसी महिला विकास सहकारी भवन मर्मत फाल्गुनन्द-१ | ८०००० |
| ५६ | किरात हाङसाम युमामाङहिम फाल्गुनन्द-५ | १५०००० |
| ५७ | युमा माङहिम शौचालय निर्माण फाल्गुनन्द-५ | १००००० |
| ५८ | सिँचाई व्यावस्थापन टेंकी निर्माण च्यापलुङ फाल्गुनन्द-४ | १५०००० |
| ५९ | जनकल्याण मा.वि.अङ्ग्रेजी माध्यम सिकाई | १२०००० |
| ६० | पाखेकुलो सिंचाई पाईप खरिद | १००००० |
| ६१ | नवमिडांडा बजार सार्वजनिक शौचालय निर्माण | ३००००० |
| ६२ | सशस्त्र बेस क्याम्प- कोदोबारी हुँदै वडा कार्यालय जोड्ने सडक | १००००० |
| ६३ | सोले खेलमैदान निर्माण वडा नं.३ | १५०००० |
| ६४ | सिङ्दानटोल गोरेटो बाटो निर्माण | ५०००० |
| ६५ | फुङ्लेक चोक देखि प्रशासकिय भवन सम्म को बाटो सोलिङ | ६,५०,००० |

| | | |
|---|---|---|
| ६६ | घुर्बिसे पञ्चमि याम्बाबुङ हुंदै फुङ्लेक चोक सम्म सडक स्तरोन्नती | ८,००,००० |
| ६७ | सुक्रेटार नागेम्बा घुर्बिसे पञ्चमी फाक्तेप सडक खण्ड | २,००,००० |
| ६८ | ईम्बुङ फेन्जेघाट जाने सडक | २,००,००० |
| ६९ | मेहेलबोटे सिस्नेरी सडक स्तरोन्नती | २,००,००० |
| ७० | सारताप मनोरत्न मा.वि. खेलमैदान निर्माण | २,५०,००० |
| ७१ | थुम्के ज्योती सडक मर्मत | १,५०,००० |
| ७२ | ५ स्टार क्लब भवन निर्माण | २,५०,००० |
| ७३ | सेरेना कुवा माङ्गेनादोभान सडक | २,००,००० |
| ७४ | फुङ्लिङटार देखि कोल्बुङ जाने सडक | २,००,००० |
| ७५ | नवमिडाँडा माङ्हिम साविक वडा नं.५ फाल्गुनन्द गा.पा.-१ | २,००,००० |
| ७६ | साप्सु हेल्लाङ हुदै प्रशासकिय भवन जोड्ने बाटो | २,००,००० |
| **जम्मा** | | **१,६९,५७,०००** |

**गाउँसभाका अध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यू हरू,**
**अब म वडा तर्फका चालु र पुंजिगत योजना तथा कार्यक्रमहरू पेश गर्न चाहन्छु ।**
**वडा नं.१ को चालु तथा पुंजिगत कार्यक्रमहरू**

| **क्र.सं.** | **बजेट शिर्षक** | **विनियोजित रकम रू.** |
|---|---|---|
| १ | कर्मचारी वैठक भत्ता | ४०,००० |
| २ | पदाधिकारी वैठक भत्ता | ९६,००० |
| ३ | संचार तथा ईन्टरनेट महशुल | ४०,००० |
| ४ | ईन्धन कार्यालय प्रयोजन | ८०,००० |
| ५ | सवारी साधन मर्मत खर्च | ८०,००० |
| ६ | मेशिनरी तथा औजार मर्मत संभार खर्च | ५०,००० |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ४५,००० |
| ८ | ईन्धन अन्य प्रयोजन | २०,००० |
| ९ | घरभाडा | ६६,००० |
| १० | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १,१०,००० |
| ११ | अन्य कार्यालय सञ्चालन खर्च | ६०,००० |
| १२ | दैनिक भ्रमण खर्च | १,९५,००० |
| १३ | विविध खर्च | १,५०,००० |

| | | |
|---|---|---|
| १४ | विजुली तथा पानी | ५०,००० |
| १५ | डिजिटल काँटा तथा फौजिकिरा पासो खरिद | ५०,००० |
| १६ | कृषी बिउबिजन तथा विषादी खरिद | १,००,००० |
| १७ | टपरा मेशीन व्यवस्थापन | ६०,००० |
| १८ | दलित सामाग्री खरिद | ५०,००० |
| १९ | आधारभुत विद्यालयका बालबालिकाका लागी शैक्षिक सामाग्री वितरण | ५०,००० |
| २० | तिजोक मन्दिर रेलिङ निर्माण | १,००,००० |
| २१ | आयुर्वेद औषधि खरिद | ५०,००० |
| २२ | आदिवासी जनजाती सामाग्री खरिद | ७५,००० |
| २३ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०,००० |
| २४ | उम्लाबुङ खानेपानी मर्मत संभार | ५०,००० |
| २५ | तिरतिरे आ.वि. प्रिन्टर खरिद | ३०,००० |
| २६ | पिपलबोटे आ.वि. रङ्गरोगन तथा मर्मत | ५०,००० |
| २७ | खानेपानी पाईप खरिद | २,००,००० |
| २८ | सिंघवा कुवा ट्याङ्कि निर्माण | ७५,००० |
| २९ | महेन्द्रजल खानेपानी  मर्मत तथा सरसफाई | ५०,००० |
| ३० | फन्छोलिङगोन गुम्बा मर्मत सम्भार | १,००,००० |
| ३१ | जलहारी पाखा मलामी खाजाघर निर्माण | ७५,००० |
| ३२ | शान्तिक्षेत्र आ.वि. मर्मत सम्भार | ५०,००० |
| ३३ | सिद्देस्वरी मा.वि. ग्याविन वाल तथा घेराबारा | १,००,००० |
| ३४ | वडा कार्यालय व्यवस्थापन | ८०,००० |
| ३५ | पापोहाङ आङ्देम्बे सामाजिक कल्याण समिती | २०,००० |
| ३६ | वडा कार्यालय मोटरबाटो ढलान तथा स्टोर मर्मत | १,५०,००० |
| ३७ | वडाका विभिन्न मोटरबाटो सरसफाई | ५,००,००० |
| ३८ | जस्तापाता खरिद | ८,५०,००० |
| ३९ | हरिनाथ आ.वि. भवन मर्मत | ५०,००० |
| ४० | बालबिकास आ.वि. खेलमैदान स्तरोन्नती | १,००,००० |
| ४१ | सानधाने खानेपानी ईन्टेक निर्माण तथा पाईप खरिद | ५०,००० |
| ४२ | विपद व्यवस्थापन सामाग्री खरिद तथा कार्यक्रम | ५०,००० |
| ४३ | तिजोक युवा क्लव विविध कार्यक्रम | १,५०,००० |
| ४४ | प्रहरी चौकी नवमिडांडा कार्यालय व्यवस्थापन | ३०,००० |
| ४५ | स्वास्थ्य चौकि नवमिडांडा कार्यालय व्यवस्थापन | ३०,००० |
| **जम्मा** | | **४७,००,०००।-** |

## वडा नं.२ को चालु तथा पुंजिगत कार्यक्रमहरू

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | कर्मचारी वैठक भत्ता | २४,००० |
| २ | पदाधिकारी वैठक भत्ता | १,२०,००० |
| ३ | संचार तथा ईन्टरनेट महशुल | ५,००० |
| ४ | ईन्धन कार्यालय प्रयोजन | ८०,००० |
| ५ | सवारी साधन मर्मत खर्च | ६०,००० |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ४०,००० |
| ७ | बीमा तथा नविकरण | २०,००० |
| ८ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | ४०,००० |
| ९ | स्वास्थ्य चौकि व्यवस्थापन | ५०,००० |
| १० | दैनिक भ्रमण खर्च | १,८०,००० |
| ११ | विविध खर्च | १,५०,००० |
| १२ | विजुली तथा पानी | ३०,००० |
| १३ | खेलकुद सहायता | १,५०,००० |
| १४ | भलिबल प्रतियोगिता | १,००,००० |
| १५ | अपाङ्गता लक्षित कार्यक्रम | ५०,००० |
| १६ | | |
| १७ | महिला सिपमुलक तालिम | ६०,००० |
| १८ | सुत्केरि पोषण कार्यक्रम | ५०,००० |
| १९ | नेवार गाउँ पदमार्ग सोलिङ निर्माण | ५०,००० |
| २० | सामुदायिक वन सचेतना कार्यक्रम | ५०,००० |
| २१ | त्रिभुवन आ.वि. विद्यालय व्यवस्थापन कार्यक्रम | ५०,००० |
| २२ | जनकल्याण आ.वि. कार्यालय व्यवस्थापन | २५,००० |
| २३ | महागुरू आ.वि. कार्यालय व्यवस्थापन | २५,००० |
| २४ | सत्यहाङ्गा मा.वि. अनुदान | १,००,००० |
| २५ | जस्तापाता खरिद | ४,००,००० |
| २६ | मिनिटिलर खरिद | ३,००,००० |
| २७ | पान्दले चिहानडांडामा खानेपानी व्यवस्थापन | ५०,००० |
| २८ | भल कटाउने पाईप | १,००,००० |
| २९ | धोन्द्रे खोल्सी खानेपानी मुहान संरक्षण | ५०,००० |
| ३० | ढोडेनी कुलो मर्मत | २५,००० |

| | | |
|---|---|---|
| ३१ | बांसबोटे पुछारको कुलो संरक्षण | ५०,००० |
| ३२ | युम्मेजा कुवा संरक्षण | ५०,००० |
| ३३ | वडा कार्यालय भवन मर्मत | ३,००,००० |
| ३४ | तिनकुप पैदल मार्ग सोलिङ | ५०,००० |
| ३५ | मालबासे कोल्बुङ सडक मर्मत | १,००,००० |
| ३६ | पोखरी अगाडी सडक मर्मत | १,००,००० |
| ३७ | फिपेको घरछेउ सडक मर्मत | १,५०,००० |
| ३८ | साविक वडा नं.३ र ६ जाने सडक सोलिङ | २,००,००० |
| ३९ | गुम्बा झर्ने सडक सोलिङ | १,००,००० |
| ४० | वडाका सबै सडक सरसफाई | ३,००,००० |
| ४१ | सिलौटि मन्दिर व्यवस्थापन | ३०,००० |
| ४२ | साप्सु मोटरबाटो सोलिङ | १,११,००० |
| **जम्मा** | | **४०,००,०००** |

**वडा नं.३ को चालु तथा पुंजिगत कार्यक्रमहरू**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | कर्मचारी वैठक भत्ता | २४,००० |
| २ | पदाधिकारी वैठक भत्ता | १,२०,००० |
| ३ | पानी तथा बिजुली | ५०,००० |
| ४ | सञ्चार महसुल | ४०,००० |
| ५ | ईन्धन कार्यालय प्रयोजन | १,००,००० |
| ६ | सवारीसाधन मर्मत | १,००,००० |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री | १,००,००० |
| ८ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | ५०,००० |
| ९ | सार्वजिनक सुनुवाई | २०,००० |
| १० | दैनिक भ्रमण खर्च | ३,३४,८०० |
| ११ | विविध खर्च | १,८०,००० |
| १२ | अन्य भाडा | ४०,००० |
| १३ | मेशिनरी मर्मत | ५०,००० |
| १४ | पारिश्रमिक पञ्चामृत आ.वि.कर्मचारी | २,२५,००० |
| १५ | पारिश्रमिक लालिगुँरास आ.वि. कर्मचारी | १,००,००० |
| १६ | पारिश्रमिक पदमकन्या आ.वि. कर्मचारी | २,२५,००० |
| १७ | स्वास्थ्य चौकि व्यवस्थापन | ५०,००० |
| १८ | विपद व्यवस्थापन | ९१,२०० |
| १९ | महिला सिपमुलक कार्यक्रम | १,००,००० |
| २० | अपाङ्गता लक्षित कार्यक्रम | ५०,००० |
| २१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०,००० |
| २२ | बालबालिका सम्बन्धि कार्यक्रम | ५०,००० |
| २३ | दलित लक्षित कार्यक्रम | ५०,००० |
| २४ | आदिवासी लक्षित कार्यक्रम | ५०,००० |
| २५ | खेलकुद सम्बन्धी कार्यक्रम | १,००,००० |
| २६ | कृषी विउबिजन तथा विषादी खरिद | २,००,००० |
| २७ | गुम्बाडांडा फिक्चुखोला मोटरबाटो हेरालु | १,८०,००० |
| २८ | प्रेमवाद भवन निर्माण | १,००,००० |
| २९ | गुम्बाडांडामा बुद्दको प्रतिमा निर्माण | २,००,००० |
| ३० | तिनघरेटोल गोरेटो बाटो मर्मत | १,००,००० |

| | | |
|---|---|---|
| ३१ | चौंलागाई देविथान टहरो निर्माण | ५०,००० |
| ३२ | ओतमाङहिम जस्तापाता खरिद वितरण | ७०,००० |
| ३३ | जलसिं मा.वि. व्यवस्थापन | १,००,००० |
| ३४ | सारताप मा.वि. व्यवस्थापन | १,००,००० |
| ३५ | सिङ्दन टोल गोरेटो बाटो निर्माण | १,००,००० |
| ३६ | पञ्चामृत आ.वि. व्यवस्थापन | ५०,००० |
| ३७ | जस्तापाता खरिद तथा वितरण | २,५०,००० |
| ३८ | पाईप खरिद तथा वितरण | १,००,००० |
| ३९ | माथिल्लो मानेडांडामा मलामी टहरो निर्माण | १,००,००० |
| ४० | वडाका सबै सडक मर्मत | २,००,००० |
| ४१ | लट्टेबारी खानेपानी मर्मत | १,००,००० |
| ४२ | तल्लो पिप्ले गैरि खानेपानी मर्मत | १,००,००० |
| ४३ | बोन्बोटोल खानेपानी मर्मत साविक वडा नं.९ | ५०,००० |
| **जम्मा** | | **४५,००,०००।-** |

**वडा नं.४ को चालु तथा पुंजिगत कार्यक्रमहरू**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | वडा कार्यालय व्यावस्थापन | १,५०,००० |
| २ | पदाधिकारी बैठक भत्ता | १,२०,००० |
| ३ | कर्मचारी बैठक भत्ता | २४,००० |
| ४ | संचार महशुल | १२,००० |
| ५ | इन्धन कार्यालय प्रयोजन | ३२,००० |
| ६ | सवारी साधन मर्मत | १,००,००० |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री | २५,००० |
| ८ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १२,००० |
| ९ | विद्युत महशुल | २६,००० |
| १० | अन्य कार्यालय सञ्चालन खर्च | ८०,००० |
| ११ | दैनिक भ्रमण खर्च | २,००,००० |
| १२ | विविध खर्च | १,२९,००० |
| १३ | पैंयुबोटे आ.वि. ब्याट्री मर्मत तथा खरिद | ७५,००० |
| १४ | राके प्रहरी चौकी इन्धन खर्च | २०,००० |
| १५ | सवारी साधन नविकरण खर्च | ८,००० |
| १६ | केलाङ प्रशिक्षण कार्यक्रम खर्च | ७०,००० |
| १७ | चासोक तङ्नाम कार्यक्रम | १,००,००० |
| १८ | वडाका सबै सडक मर्मत | ४,००,००० |
| १९ | पुरानो पञ्चमी जौबारी जनता आ.वि. सडक निर्माण | १,५०,००० |
| २० | सरिथुङ फाक्तेप जोड्ने सडक मर्मत | ८०,००० |
| २१ | सञ्जेल घुम्ति खोम्लिवा सडक निर्माण | १,५०,००० |
| २२ | देउराली लेकाली गाउँ लुकुवाटार जोडने सडक मर्मत | ८०,००० |
| २३ | तुम्बुङ तुम्बती जोड्ने सडक मर्मत | १,००,००० |
| २४ | आहाले एकसल्ले सडक मर्मत | १,००,००० |
| २५ | चुक्निबो निङ्लातप्पा सिँचाई कुलो मर्मत | ६०,००० |
| २६ | संसरे शिरान कुलो मर्मत | ५०,००० |
| २७ | ठुलोघर फाक्याङ कुलो मर्मत | ५०,००० |
| २८ | कान्छी चिहान मलामी घर निर्माण | १,००,००० |
| २९ | थोकुवा सिरान कुलो पाईप खरिद | ५०,००० |
| ३० | अनुग्रह कृषि तथा पशुपञ्छी फर्म अनुदान | ५०,००० |

| | | |
|---|---|---|
| ३१ | स्वास्थ्य चौकी फर्निचर व्यावस्थापन | ४०,००० |
| ३२ | तिनचुले आ.वि. फर्निचर व्यावस्थापन | ३०,००० |
| ३३ | जनता आ.वि. फर्निचर व्यावस्थापन | ३०,००० |
| ३४ | जाल्पादेवी आ.वि.ठेसवाल निर्माण | ७५,००० |
| ३५ | गैरीगाउँ डाँडा टोल गोरेटो बाटो मर्मत | ५०,००० |
| ३६ | स्वास्थ्य चौकी ठेसवाल मर्मत | ८०,००० |
| ३७ | मनवल नेम्वाङको घरछेउ गोरेटो बाटो मर्मत | ५०,००० |
| ३८ | सिरान टोल खानेपानी धारा निर्माण | ५०,००० |
| ३९ | इमान सिं आ.वि. को सिलिङ निर्माण | ७५,००० |
| ४० | सिद्देस्वरी मा.वि. शैक्षिक सहायता अनुदान | १,०८,५०० |
| ४१ | कृष्ण मा.वि. शैक्षिक सहायता अनुदान | १,०८,५०० |
| ४२ | मिनिटिलर खरिद तथा वितरण ५०% अनुदान | ३,००,००० |
| ४३ | कृषि सामाग्री व्यावस्थापन | १,००,००० |
| ४४ | स्वास्थ्य विविध खर्च कार्यक्रम | ३०,००० |
| ४५ | सुत्केरी पोषण कार्यक्रम | ३०,००० |
| ४६ | हिँउदे फलफुल विरुवा वितरण | १,००,००० |
| ४७ | बालबालिका सम्वन्धी कार्यक्रम | ८०,००० |
| ४८ | महिला आयआर्जन कार्यक्रम | १,५०,००० |
| ४९ | आयुर्वेद स्वास्थ्य शिविर कार्यक्रम | १,५०,००० |
| ५० | खेलकुद सहायता कार्यक्रम | ८०,००० |
| ५१ | दलित लक्षित कार्यक्रम | ५०,००० |
| ५२ | अपाङ्ग विउँ पुजी कार्यक्रम | ५०,००० |
| ५३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ८०,००० |
| जम्मा | | ४५,००,००० |

## वडा नं.५ को चालु तथा पुंजिगत कार्यक्रमहरू

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय सञ्चालन खर्च | १,०६,००० |
| २ | अन्य कार्यालय सञ्चालन खर्च | ७५,००० |
| ३ | मेशीनरी औजार मर्मत | २०,००० |
| ४ | फर्निचर खरिद | ३५,००० |
| ५ | पानी तथा बिजुली | १५,००० |
| ६ | ल्यापटप प्रिन्टर खरिद | १,३०,००० |
| ७ | कर्मचारी बैठक भत्ता | २४,००० |
| ८ | पदाधिकारी बैठक भत्ता | १,२०,००० |
| ९ | सवारी साधन मर्मत | ३०,००० |
| १० | दैनिक भ्रमण खर्च | ५०,००० |
| ११ | ईन्धन कार्यालय प्रयोजन | ५०,००० |
| १२ | विविध | १,३५,००० |
| १३ | महिला बहुउदेश्यीय सहकारी संस्था | ७०,००० |
| १४ | फाक्तेप स्वास्थ्य चौकी व्यवस्थापन | ५०,००० |
| १५ | जस्तापाता खरिद वितरण | २,००,००० |
| १६ | विपद व्यवस्थापन खर्च | ३०,००० |
| १७ | दलित सहायता कार्यक्रम | ५०,००० |
| १८ | खेलकुद विकास कार्यक्रम | ५०,००० |
| १९ | बालसञ्जाल कार्यकर्म | ४०,००० |
| २० | आयुर्वेद व्यवस्थापन | ५०,००० |
| २१ | स्वास्थ्य ईकाई व्यवस्थापन | ४०,००० |
| २२ | फाक्तेप सामुदायीक सिकाई केन्द्र पुस्तकालय व्यवस्थापन | ३०,००० |
| २३ | घुर्बिसे मा.वि. व्यवस्थापन | १,००,००० |
| २४ | ईच्छिङ आ.वि. शैक्षिक सहायता | ४०,००० |
| २५ | जनकल्याण मा.वि. व्यवस्थापन | १,००,००० |
| २६ | जगदम्बी आ.वि. व्यवस्थापन | २०,००० |
| २७ | जगदम्बी आ.वि. शैक्षिक सहायता | ५०,००० |
| २८ | अपाङ्गता सहायता कार्यक्रम | ५०,००० |
| २९ | सिद्दसरस्वती आ.वि. कार्यालय व्यवस्थपन | ४०,००० |
| ३० | नागेम्बा आ.वि. कार्यालय व्यवस्थापन | ३०,००० |

| | | |
|---|---|---|
| ३१ | टिकाभैरूङ आ.वि. व्यवस्थापन | ३०,००० |
| ३२ | ईमानसिं जन्मोत्सव कार्यक्रम | ४०,००० |
| ३३ | कृषि विकास कार्यक्रम | २,००,००० |
| ३४ | वडाका सबै सडक मर्मत | ५,२५,००० |
| ३५ | साविक वडा नं.१ नेजिबुङ-गौडेनी- घुमाउने सडक सोलिङ | २,००,००० |
| ३६ | साविक वडा नं.२ हरकसिं को घर देखि डिगमबिर को घरछेउ सम्म गोरेटो बाटो सोलिङ | २,००,००० |
| ३७ | साविक वडा नं.३ साब्ला-खेरुप्पा सडक सोलिङ | २,००,००० |
| ३८ | साविक वडा नं.४ सिंचाई ट्याङ्कि निर्माण | २,००,००० |
| ३९ | ओधारा खोल्सा सडक मर्मत साविक वडा नं.५ | १,००,००० |
| ४० | साविक वडा नं.५ को कभर्ड हल जाने बाटो सडक मर्मत | १,००,००० |
| ४१ | साविक वडा नं.६ को चिस्यानी खानेपानी धारा मर्मत | १,००,००० |
| ४२ | साविक वडा नं.६ जिउँजिवा ठाडो बाटो सिढि निर्माण | १,००,००० |
| ४३ | साविक वडा नं.७ टिकाभैरूङदेखि पैंयुबोटे सडक मर्मत | २,००,००० |
| ४४ | साविक वडा नं.८ PYC क्लव कार्यालय व्यवस्थापन | १,००,००० |
| ४५ | साविक वडा नं.८ मुकुहाङ युवा क्लव कार्यालय व्यवस्थापन | १,००,००० |
| ४६ | साविक वडा नं.९ स्यालघर खेतघारी पुछारे नयांसडक निर्माण | २,००,००० |
| ४७ | घुर्बिसे पञ्चमि बजार रिङरोड | ७५,००० |
| **जम्मा** | | **४५,००,०००।-** |

**वडा नं.६ को चालु तथा पुंजिगत कार्यक्रमहरू**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | कर्मचारी वैठक भत्ता | २४,००० |
| २ | पदाधिकारी वैठक भत्ता | १,२०,००० |
| ३ | संचार तथा ईन्टरनेट महशुल | १५,००० |
| ४ | ईन्धन कार्यालय प्रयोजन | ९०,००० |
| ५ | सवारी साधन मर्मत खर्च | ७०,००० |
| ६ | मेशिनरी तथा औजार मर्मत संभार खर्च | ३०,००० |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | १,००,००० |
| ८ | ईन्धन अन्य प्रयोजन | १०,००० |
| ९ | घरभाडा | २०,००० |
| १० | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | ७५,००० |
| ११ | अन्य कार्यालय सञ्चालन खर्च | १०,००० |
| १२ | दैनिक भ्रमण खर्च | १,४०,००० |
| १३ | विविध खर्च | १,८७,००० |
| १४ | विजुली तथा पानी | ४०,००० |
| १५ | विविध अतिथी सत्कार | ३०,००० |
| १६ | सार्वजनिक सुनुवाई | २५,००० |
| १७ | शिलालेख लेखन | २५,००० |
| १८ | नमुना ज्योती आ.वि. कार्यालय व्यवस्थापन | ५०,००० |
| १९ | प्रहरी चौकि कार्यालय व्यवस्थापन | २०,००० |
| २० | स्वास्थ्यचौकि कार्यालय सामाग्री र मसलन्द | ३०,००० |
| २१ | पारिश्रमिक ज्यालादारी कर्मचारी | १,०४,००० |
| २२ | आदिवासी जनजाती संस्कृती प्रवर्दन कार्यक्रम | ५०,००० |
| २३ | दलित समुदायको नौमती बाजा प्रवर्दन कार्यक्रम | ५०,००० |
| २४ | महिला क्षमता विकास कार्यक्रम | १,००,००० |
| २५ | बालबालिकाका लागी अतिरिक्त कार्यक्रम सञ्चालन खर्च | ५०,००० |
| २६ | अपाङ्गता क्षमता विकास कार्यक्रम | ५०,००० |
| २७ | बहुक्षेत्रिय पोषण कार्यक्रम | २५,००० |
| २८ | खस आर्य संस्कृती प्रवर्दन कार्यक्रम | ५०,००० |
| २९ | द्वितिया मेला खेलकुद सामाग्री व्यवस्थापन | ५०,००० |
| ३० | खेलकुद सामाग्री खरिद वितरण कार्यक्रम | ३०,००० |

| | | |
|---|---|---|
| ३१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २५,००० |
| ३२ | जस्तापाता खरिद | ४,००,००० |
| ३३ | पाईप खरिद | ५०,००० |
| ३४ | आयुर्वेद औषधी खरिद | ५०,००० |
| ३५ | वडा कार्यालयको अधुरो भवन निर्माण | १,००,००० |
| ३६ | वडाका सबै मोटरबाटो सरसफाई | २,००,००० |
| ३७ | छतिवने माङगेना खोल्सी मोटरबाटो निर्माण | २,००,००० |
| ३८ | निबुखोला तेस्रो लघुजलविधुत पोलतार व्यवस्थापन | २,००,००० |
| ३९ | लक्ष्मी आ.वि. पुरानो भवन मर्मत | १,५०,००० |
| ४० | मेहेलबोटे छयागु निबुखोला सडक मर्मत | १,००,००० |
| ४१ | स्वास्थ्य ईकाई निर्माण साविक वडा नं.९ | २,००,००० |
| ४२ | वसाँगु सालिक निर्माण | ५०,००० |
| ४३ | धुलपुजे ढोडेनी सडक मर्मत | १,००,००० |
| ४४ | पफेदेङ्गा खानेपानी मर्मत | ५०,००० |
| ४५ | स्वास्थ्य चौकी मर्मत सम्भार | ५०,००० |
| ४६ | वडा कार्यालयको झ्याल मर्मत | ८०,००० |
| ४७ | फलफुलको विरूवा खरिद तथा वितरण | १,००,००० |
| ४८ | कृषी विषादी खरिद | ५०,००० |
| ४९ | पशुपन्छी औषधी खरिद | ५०,००० |
| ५० | कृषी प्रदर्शनी | २५,००० |
| ५१ | वडा नं.६ को वडा कार्यालय जाने सडक मर्मत | १,००,००० |
| **जम्मा** | | **रू.४०,००,०००।-** |

**वडा नं.७ को चालु तथा पुंजिगत कार्यक्रमहरू**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | पदाधिकारी वैठक भत्ता | १,२०,००० |
| २ | कर्मचारी वैठक भत्ता | ४८,००० |
| ३ | पानि तथा विजुली | २५,००० |
| ४ | सञ्चार महशुल | २५,००० |
| ५ | ईन्धन कार्यालय प्रयोजन | १,१५,००० |
| ६ | सवारी साधन मर्मत | ६०,००० |
| ७ | बीमा तथा नविकरण | १०,००० |
| ८ | अन्य कार्यालय सञ्चालन खर्च | १,००,००० |
| ९ | विविध कार्यक्रम खर्च | १,००,००० |
| १० | दैनिक भ्रमण खर्च | १,९०,००० |
| ११ | अन्य भाडा | ४५,००० |
| १२ | घरभाडा | ३०,००० |
| १३ | विविध खर्च | २,००,००० |
| १४ | कार्यालय सञ्चालन खर्च | १,००,००० |
| १५ | फाईल र्याक खरिद | २५,००० |
| १६ | सूचना तथा पत्रपत्रिका छपाई | २५,००० |
| १७ | वडाको सम्पूर्ण मोटरबाटो सरसफाई | ४,००,००० |
| १८ | खानेपानी पाईप खरिद | ६०,००० |
| १९ | बनपाला हाम्फाबुङ घुम्ती सोलिङ | ९९,००० |
| २० | ज्योति ग्राउण्ड देखि घाट जाने बाटो सडक खण्डको न्यौपाने ट्रनिङ सोलिङ | २,००,००० |
| २१ | खाउनन्द सिचाई कुलो पाईप खरिद | १,५०,००० |
| २२ | साविक वडा नं.५ सिरान टोल खानेपानी मर्मत | ५०,००० |
| २३ | साविक वडा नं.५ सिंहदेवी घेराबारा | १,००,००० |
| २४ | थुम्के ज्योति बाटो सोलिङ | १,००,००० |
| २५ | थेमागु देखि खोप सुक्रेटार जाने बाटो ग्याबिङ | २,००,००० |
| २६ | थुम्के देखि मगरटोल जाने बाटोमा खौसेबुङ खण्ड स्तरोन्नति | १,००,००० |
| २७ | सितलपाटि हुंदै जहाने जाने बाटो तिर्थराज पौडेलको घरछेउ मर्मत | १,००,००० |
| २८ | देवेन्द्र आङ्देम्बे खानेपानी मुहान मर्मत | १,००,००० |
| २९ | याङ्सिबुङ बरबोट जोडिने बाटो खण्डको बुधबलको घरछेउ सोलिङ | १,००,००० |

| | | |
|---|---|---|
| ३० | पिपलबुङ देखि धनबहादुरको घर जोड्ने सडक बाटो मर्मत | १,००,००० |
| ३१ | बरबोटे देखि माथि वसाघु जाने बाटो तक्लाल घुम्ती सम्म सोलिङ | २,००,००० |
| ३२ | साविक वडा नं.८ पुछारटोल खानेपानी पाईप तथा गेटबल खरिद | ५०,००० |
| ३३ | मिसिलटार कुवा मर्मत | २३,००० |
| ३४ | पशुपन्छि औषधी खरिद | ५०,००० |
| ३५ | मिनिटिलर खरिद अनुदान (७५%) | १,००,००० |
| ३६ | आधारभुत स्वास्थ्य केन्द्र कार्यालय व्यवस्थापन | ५०,००० |
| ३७ | दलित कार्यक्रम | ४०,००० |
| ३८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५०,००० |
| ३९ | पिपलबोटे अपाङ्गता मिलिजुलि समुह | ४०,००० |
| ४० | महिला कार्यक्रम | ८०,००० |
| ४१ | युवा तथा खेलकुद सहयोग | ५०,००० |
| ४२ | बालबालिका कार्यक्रम | ४०,००० |
| ४३ | विपद व्यवस्थापन | ५०,००० |
| ४४ | आहालडांडा देखि पावर हाउस जाने चन्द्रमानको घर छेउ सोलिङ | १,००,००० |
| **जम्मा** | | **४०,००,०००।-** |

**आ.व.२०८२।०८३ का लागी फाल्गुनन्द गाउँपालिकाको अनिवार्य समपुरक अनुदान अन्तर्गत**

| क्र.सं. | बजेट शिर्षक | विनियोजित रकम रू. |
|---|---|---|
| १ | संघीय समपुरक अन्तर्गत गेलिभञ्ज्याङ-मेहेलबोटे सडक साझेदारी | ३५,००,००० |
| २ | प्रदेश समपुरक अनुदान अन्तर्गत गाउँपालिकास्तरको भवन निर्माण साझेदारी | ३०,००,००० |
| ३ | प्रदेश समपुरक अनुदान अन्तर्गत प्रशासकिय भवनमा खानेपानी व्यवस्थापन साझेदारी | २३,००,००० |
| ४ | फाल्गुनन्द पदमार्ग निर्मांण साझेदारी | २२,००,००० |
| ५ | बिजयटार झोलुङ्गेपुल निर्माण साझेदारी | ८,६२,००० |
| ६ | साना सिंचाई आयोजना साझेदारी | २९,७०,००० |
| ७ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम साझेदारी | १०,००,००० |
| ८ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम साझेदारी | ३३,००,००० |
| ९ | ह्युमन प्राक्टिश फाउण्डेशन (HPF) विद्यालय निर्माण साझेदारी | ४०,००,००० |
| १० | गरिबी निबारण कोष कार्यक्रम वडा नं.२ व्यवस्थापन | २,००,००० |
| ११ | भैपारी समपुरक कोष | १०,००,००० |
| जम्मा | | २,४३,३२,००० |

**ठाकुर सिं नेम्बाङ**

**उपाध्यक्ष**

**फाल्गुनन्द गा.पा.**

**पाँचथर**

**मितिः२०८२।०३।१० गते मंगलबार**